"ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"

# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७८/०७९

चलानी नं :- २१६

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

मिति - २०७८/५/१६

**बिषय – सनाखत कार्यमा सहजीकरण गर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै),
टोखा नगरपालिका ।

निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सबादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दल र जनता समाजपार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रीक समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सबादी-लेनिनवादी) र जनता समाजवादी पार्टी नामक राजनीतिक दलबाट निर्वाचित कार्यपालिका सदस्य ज्यूहरु तथा वडा सदस्य ज्यूहरुले सम्बन्धित दलबाट छुट्टिई गठन भएको दलमा प्रवेश गर्न चाहेमा नयाँ दल गठन भएको मितिले २१ दिन भित्र (मिति २०७८ ५।२ देखि २०७८।५।२२ सम्म) जिल्ला निर्वाचन कार्यालयमा स्वयम् उपस्थित भई सनाखत गर्नुपर्ने ब्यवस्था रहेको हुँदा नयाँ दलमा प्रवेश गर्न चाहेमा तल उल्लेखित प्रमाण सहित उपस्थित हुनुहुन जिल्ला निर्वाचन कार्यालयको च.नं. २२, मिति २०७८।५।१५ को पत्रानुसार अनुरोध भई आएको हुँदा सो कार्यमा सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

**आवश्यक कागजात**

१. आफ्नो प्रमाण लिई ब्यक्ति स्वयम् उपस्थित हुनुपर्ने ।
२. सक्कल नागरिकता वा मतदाता परिचय-पत्र र निर्वाचित भएको प्रमाण-पत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको परिचय पत्र वा प्रमाणित पत्र ।

अनिल प्रसाद जोशी
अधिकृत (सातौं)

सम्पर्क नं : ०१-४९८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np

निर्वाचन आयोग, नेपाल    Email :-deo.kathmandu@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय

बबरमहल, काठमाडौं

प.सं. :-२०७८ ०७९
च.नं. :- २२

मिति-२०७८।०५।१५

श्री कागेश्वरी नगरपालिका/कीर्तिपुर नगरपालिका/काठमाडौं महानगरपालिका
गोकर्णेश्वर नगरपालिका/चन्द्रागिरी नगरपालिका /तार्केश्वर नगरपालिका/
दक्षिणकाली नगरपालिका/टोखा नगरपालिका/नागार्जुन नगरपालिका/
बुढानिलकण्ठ नगरपालिका/शंखरापुर नगरपालिकाको कार्यालय,
काठमाडौं ।

विषय-सनाखत गर्ने कार्यमा समन्वय गरिदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश,२०७८) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोस्रो संशोधन) वमोजिम निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टीई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दल र जनता समाज पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टीई बनेको लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाज पार्टी, नेपाल नामक राजनीतिक दलवाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यले सम्बन्धीत दलबाट छुट्टीई गठन भएको दलमा प्रवेश गर्न चाहेमा नयाँ दल गठन भएको मितिले २१ दिन भित्र (मिति २०७८।०५।०२ देखि मिति २०७८।०५।२२ गते सम्म) प्रदेश सभाका सदस्यले सम्बन्धीत प्रदेश निर्वाचन कार्यालयमा र स्थानीय तहका सदस्यले सम्बन्धीत जिल्ला निर्वाचन कार्यालयमा कार्यालय समयभित्र स्वयम् उपस्थित भई सनाखत गर्ने गराउने व्यवस्थाको लागि निर्वाचन आयोगको च.नं.७१ मिति २०७८।०५।१३ को पत्रबाट लेखिई आएकोले तहां जिल्ला समन्वय समिति, स्थानीय तहका निर्वाचित सदस्य र कार्यपालिकाको सदस्य ज्यूहरुले नयाँ दलमा प्रवेश गर्न चाहेमा उक्त समयावधि भित्र तल उल्लेखित प्रमाण सहित उपस्थित हुनुपर्ने भएको हुदाँ सो व्यहोराको सूचना सम्प्रेषण गर्ने कार्यमा सहयोग गरिदिनुहुन अनुरोध छ।

आवश्यक कागजात

१) सनाखत गर्न आउदा आफ्नो प्रमाण लिई व्यक्ति स्वयम उपस्थित भई सनाखत गर्नुपर्नेछ ।

२) स्थानीयत तहको सदस्यले सक्कल नागरिक्ता वा मतदाता परिचय-पत्र र निर्वाचित भएको प्रमाण-पत्र वा सम्बन्धीत स्थानीय तहबाट जाँरी भएको परिचय-पत्र वा प्रमाणित पत्र लिई आउनु पर्नेछ ।

.....................